# गोर्खाज फाइनान्स लिमिटेडको
# संस्थापक सेयरधनीहरुलाई जरुरी सूचना !

**(प्रकाशित मिति २०८१/०३/२३ नयाँपत्रिका राष्ट्रिय दैनिक)**

यस गोर्खाज फाइनान्स लिमिटेडको पूँजी संरचनामा रहेको संस्थापक र सर्वसाधारण समूहको विद्यमान सेयर हिस्सा क्रमश: ५७.५१ र ४२.४९ को अनुपातलाइ ५१ प्रतिशत संस्थापक र ४९ प्रतिशत सर्वसाधारण सेयरमा परिणत गर्न नेपाल राष्ट्र बैंक बाट प्रारम्भिक स्वीकृति प्राप्त भए अनुसार कम्पनीको मिति २०८० चैत्र २ गते सम्पन्न २८ र २९ औं वार्षिक साधारण सभाबाट ५१:४९ अनुपात कायम गर्न विशेष प्रस्ताव पारित भई सो सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति भई कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत अभिलेख भईसकेको जानकारी गराउँदछौं । पूँजी संरचनामा परिवर्तनको लागि मिति २०८१/०४/२८ सम्ममा वित्तीय संस्थाको रेकर्डमा संस्थापक सेयरधनी रहेको सेयरधनीहरुको सेयर संरचना परिवर्तन गरिने जानकारी गराउँदछौं । वित्तीय संस्थाबाट सेयर नामसारी (सेयर खरिद बिक्री, घरयासी नामसारी, मृत्यु नामसारी, अंशबण्डा आदि) स्वीकृति लिई सेयर नामसारी गर्न बाँकी रहेका सम्पूर्ण सेयरधनीहरुलाई उक्त मिति भित्र सेयर नामासारी गरिसक्नु हुन अनुरोध गर्दछौं ।

साथै सेयर संरचना परिवर्तनमा आफ्नो नाममा रहेको सेयर परिवर्तन गर्न नचाहेमा वा गर्ने इच्छा नभएमा यो सूचना प्रकाशित भएको मितिबाट ३५ (पैंतिस) दिन भित्र कम्पनीको प्रधान कार्यालयमा आइपुग्ने गरी लिखित जानकारी गराउन हुन सम्पुर्ण संस्थापक सेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछु ।

उल्लेखित अवधि भित्रमा सेयर परिवर्तन गर्ने/नगर्ने सम्बन्धमा जानकारी प्राप्त नभएमा प्रचलित कानून बमोजिम तोकिएको अनुपातमा सर्वसाधारण समूहमा परिवर्तन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**Gurkhas Finance Ltd.**
**गोर्खाज फाइनान्स लि.**
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रिय कार्यालय, चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np, Web site: www.gurkhasfinance.com.np